# वृत्ति मार्गनिर्देशन

## Career Guidance

## परिचय

कुनै पनि मानिसलाई जीवन निर्वाह गर्नकालागि कुनै न कुनै काम गर्नु पर्दछ। उक्त कामले नै उसको पहिचान निर्माण गर्दछ। कोही मानिस आफुले गरेको काममा निकै सफल हुन्छन् भने कोही असफल पनि हुनेगर्दछन र असफलतालाई आफ्नो भाग्यसँग जोडेर निराशपूर्ण जिवन बिताउन बाध्य हुन्छन। संसारका सफल मानिसहरूको जिवनलाई केलाएर हेर्ने हो भने ऊनीहरू सफल हुनुको एउटै कारण आफ्नो रुचि, खुबी र क्षमता अनुसारको वृत्ति (career) रोज्नु देखिन्छ। त्यसकारण यदि तपाईँआफ्नो रुचि, खुबी र क्षमता पत्ता लगाई त्यस अनुसारको वृत्ति रोजी जीवनमा सफल हुन चाहनुहुन्छ भने यस वृत्ति मार्गनिर्देशन अनुसार अगाडि बढ्नुहोस्। यसले तपाईँलाई उपयुक्त हुने वृत्ति चयन गरी सफलता तर्फ डोऱ्याउन मार्गनिर्देशन गर्नेछ।

## उद्देश्यहरू

कुनै पनि व्यक्तिले आफ्नो रुचि, खुबी र क्षमता पत्ता लगाई वृत्ति छनोट गर्न सहयोग गर्ने |

- वृत्तिसम्बन्धी आधारभूत ज्ञान प्रदान गर्ने;
- जागिर र वृत्तिको बिचमा फरक छुट्ट्याउन सहयोग गर्ने;
- वृत्तिका चार सिद्धान्तको जानकारी प्रदान गर्ने;
- वृत्ति पथको ज्ञान प्रदान गर्ने;
- पाँच क्षमताको जानकारी प्रदान गर्ने;
- आफ्नो रुचि र खुबीको लेखाजोखा गरी वास्तविक क्षमता पत्ता लगाउन सहयोग; र
- आफ्नो क्षमतासँग मेल खाने वृत्ति रोज्न सहयोग पुर्याउने

## वृत्ति र जागिर

आफ्नो सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित आयमूलक क्रियाकलापबाट जीवनयापन गर्नु तथा समाजमा योगदान गर्दै सामाजिक पहिचान कायम गर्नु नै वृत्ति (career) हो। वृत्ति र जागिरलाई उस्तै उस्तै रुपमा लिइने भएपनि यी दुईको बिचमा भिन्नता छ। जागिर एउटा भूमिका मात्र हो र जुन पैसाको लागि गरिन्छ तर वृत्ति एउटा लक्ष्य सहितको लामो यात्रा हो। जसमा व्यक्तिले प्राप्त गर्नुपर्ने शिक्षा, निर्वाह गर्नुपर्ने बिभिन्न भूमिका, अनुभव, र गन्तब्यमा पुग्ने स्पष्ट मार्गचित्र हुन्छ। जागिर वृत्तिको एउटा अंश मात्र हो। एउटै वृत्ति भित्र धैरै जागिर हुन सक्छन्। उदाहरणका लागि शिक्षक

एउटा वृत्ति हो भने यसभित्र हुने गणित शिक्षक, विज्ञान शिक्षक, आधारभूत शिक्षक, माध्यमिक शिक्षक, प्राध्यापक, आदि जागिर हुन् । वृत्तिका निम्नानुसारका विशेषता हुन्छन:

- ✓ वृत्ति चयनमा स्वतन्त्रता
- ✓ व्यक्तित्व र वृत्तिको प्रकृतिमा तालमेल
- ✓ विशेष तयारी
- ✓ निरन्तर विकास
- ✓ सामाजिक-व्यक्तिगत लाभ

(जागीर र वृत्तिको भिन्नता बक्समाराख्ने )

## वृत्ति विकासका सिद्धान्तहरू

व्यक्तिको विकास सँगै वृत्तिको पनि निरन्तर रुपमा विकास हुन्छ । उक्त विकासले एउटा निश्चित ढाँचा अवलम्वन गरेको हुन्छ । त्यसैगरी वृत्ति विकासका क्रममा केहि कुराहरू परिवर्तनशील छन् भने केहि कुराहरू स्थिर रहन्छन् । वृत्ति आफू सुहाउँदो हुनुपर्दछ भने मानव समुदाय तथा वातावरणलाई सकारात्मक प्रभाव पार्ने किसिमको हुनुपर्दछ । वृत्ति विकास कसरी हुन्छ ? वृत्ति विकासका क्रममा के कस्ता कुराहरूलाई ध्यान दिनु पर्दछ ? जस्ता प्रश्नहरूको उत्तर थाहा पाउन वृत्ति विकासका सिद्धान्तहरूको ज्ञान हुनु आवश्यक हुन्छ । वृत्ति विकासका प्रमुख चार सिद्धान्तहरू यस प्रकार छन्-

### १. चक्रीय शैलीको घुमाउरो वृद्धि

यस सिद्धान्तले वृत्ति विकासलाई प्रकृतिको विकासको एक सामान्य नियमसँग दाँजेर हेरेको पाइन्छ । प्रकृतिका हरेक वस्तुहरूको वृद्धि एउटा निश्चित बिन्दुबाट शुरु हुन्छ र बिस्तारै चक्रीय शैलीमा फैलिदै जान्छ । त्यसैगरी वृत्तिको विकासपनि चक्र जस्तो घुमाउरो तरिकाले हुन्छ । चक्रको हरेक तह एक आपसमा अन्तरसम्बन्धित हुन्छन  र नयाँ सिकाई दिन्छन् । उक्त सिकाइ बिगतको अनुभव र वर्तमान अवस्थाको उपज हो ।

### २. परिवर्तनशील तथा अपरिवर्तित

समयको परिवर्तनसँगै संसारका धेरै कुराहरू परिवर्तन हुन्छन् भने केही कुराहरू अपरिवर्तित रहन्छन् । समय र अवस्था अनुसार मानिसका रुचि, चाहना र आवश्यकता पनि परिवर्तन हुँदै जान्छन् तर गुणस्तरको माग र मानिसको खुवी अपरिवर्तित हुन्छन् । त्यसकारण वृत्ति छनोट गर्दा परिवर्तित समाज, तत्कालिन आवश्यकता, प्रविधिको विकास र नयाँ नयाँ वृत्तिका अवसरहरूलाई ध्यान पुऱ्याउनु पर्दछ । आफ्नो अपरिवर्तित खुबि र क्षमता अनुरुपको परिवर्तित वृत्ति रोज्न सकेमा सफलता चुम्न सकिन्छ भन्ने कुरालाई यो सिद्धान्तले उजागर गरेको छ ।

### ३. आफू सुहाउँदो वृत्ति

वृत्तिको यो सिद्धान्तले प्रत्येक व्यक्तिले आफ्नो रुचि, खुबि र क्षमता सुहाउँदो वृत्ति छनोट गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छ । कुनै वृत्ति लोकप्रिय छ भन्दैमा त्यो वृत्ति सबैकोलागि उपयुक्त हुन्छ भन्ने हुदैन । साथीहरूको लहै लहमा लागेर वृत्ति छनोट गर्नु हुदैन । वृत्ति छनोट गर्नुभन्दा पहिले आफूलाई बुझ्नु पर्दछ र आफू सुहाउँदो वृत्ति रोजियो भने मानिस जीवनमा सफल बन्दछ ।

**४. मानवता र वातावरणप्रति संवेदनशीलता**

यस सिद्धान्तले वृत्ति छनोट गर्दा त्यो वृत्तिको दीर्घकालिन प्रभाव लेखाजोखा गरेर मात्र छनोट गर्नु पर्दछ भन्ने कुरामा केन्द्रित रहेको पाइन्छ । हामीले रोज्ने वृत्ति पैसा कति कमाइन्छ भन्ने भन्दा पनि त्यो वृत्ति मानवता र वातावरणप्रति कत्तिको संवेदनशील छ भनी हेर्नु पर्दछ । मानवता र वातावरणप्रति असंवेदनशील वृत्ति छनोट गर्नु हुदैन । अरुमाथि शोषण हुने, हानिकारक सामानहरूको आपुर्ति गर्ने, वनजंगल फडानी गर्ने, जनावरहरूको चोरीसिकारी गर्ने जस्ता कार्यबाट पैसा त धेरै कमाउन सकिएला तर यस्ता कार्यले समाज र वातावरण नै असन्तुलन बन्न पुग्दछ । त्यसकारण क्षणिक व्यक्तिगत फाइदालाई मात्र नहेरी सम्पुर्ण मानवता र वातावरणलाई मध्यनजर गरी रोजेको वृत्तिले व्यक्तिलाई सन्तुष्टि प्रदान गर्दछ ।

## वृत्ति खोजी पथ (Career Discovery Path)

कुनैपनि व्यक्तिले आफ्नो रूचि, खुवी र क्षमता अनुसारका धेरै वृत्तिहरू मध्येबाट आफूलाई उपयुक्त लागेका विकल्पहरूको प्राथमिकीकरण गरी पहिलो विकल्पको वृत्तिको तयारी गर्ने समग्र प्रक्रियालाई वृत्ति खोजी पथ भनिन्छ । हाम्रो जस्तो देशमा अभिभावक, आफन्त, छरछिमेकी र साथीहरूको प्रभावमा परी वृत्ति छनोट गर्ने गरेको पाइन्छ । तसर्थ कुनै पनि वृत्तिबाट पूर्ण सन्तुष्टि प्राप्त गरी उक्त वृत्तिमा उच्चतम सफलता प्राप्त गर्न वृत्ति खोजी पथको अवलम्वन गर्नु पर्दछ । वृत्ति खोजी पथमा निम्नानुसारका चार चरणहरू हुन्छन् –

**१. आफूलाई बुझ्नु**

वृत्ति खोजी पथको पहिलो चरण आफूलाई बुझ्नु हो । वृत्ति खोजी गर्ने कार्यको शुरुवात आफैबाट गर्नु पर्दछ । कुनैपनि व्यक्तिले वृत्ति छनोट गर्नु भन्दा पहिला आफ्नो रुचि, खुबी र क्षमता पहिचान गर्नुपर्दछ । त्यसैगरी कुनैपनि वृत्ति प्रतिको आफ्नो धारणा र विश्वासलाई पनि बुझ्नुपर्दछ । आफूलाई जुन काम गर्दा रमाइलो लाग्छ र गरीरहन मन लाग्छ त्यसलाई रुचि (Interest) भनिन्छ । व्यक्तिको रुचि समय, परिस्थिति र वातावरण अनुसार परिवर्तन हुनसक्छ । त्यसकारण व्यक्तिले सर्वप्रथम आफ्नो रुचि अनुसारको काम पत्ता लगाउनु पर्दछ । त्यसैगरी मानिसले आफ्नो जन्मसँगै केही विशेष प्रतिभा लिएर आएको हुन्छ जसका कारण ऊ कुनै काममा स्वतः राम्रो हुन्छ र त्यो कामलाई निपुण तरिकाले गर्न सक्छ । उक्त जन्मजात विशेष प्रतिभालाई खुबी (Aptitude) भनिन्छ । खुबी तुलनात्मक रुपमा अपरिवर्तनशील हुन्छ तर समयमै सही वातावरण दिन सकेमा खुबीलाई तिखार्न सकिन्छ । रुचि र खुबीको मिलनबाट क्षमता बन्दछ । यदि कुनै व्यक्तिलाई केही काम गर्न रमाइलो लाग्छ र त्यो कामलाई उसले निपुणता पूर्वक गर्न पनि सक्छ भने त्यस काममा उसको क्षमता (potential) छ भन्ने बुझिन्छ । यसरी व्यक्तिले आफ्नो रुचि, खुबी, क्षमता र वृत्ति बिश्वास अनुरुपको वृत्ति रोज्न वृत्ति खोजी पथको दोस्रो चरणमा प्रवेस गर्नु पर्दछ ।

### २. कामको संसारलाई बुझ्नु

वृत्ति खोजी पथको दोस्रो चरण कामको संसारलाई बुझ्नु हो। कामको संसार भनेको श्रम बजार (Labor Market) हो। यस अन्तरगत वृत्तिको नाम, परिभाषा, काम, वाञ्छनीय योग्यता, योग्यता र आम्दानीको बारेमा जानकारी प्राप्त गरिन्छ। आफूलाई बुझीसके पछि श्रम बजारमा आफ्नो क्षमतासँग मेल खाने के कस्ता वृत्तिहरू उपलब्ध छन् ? ती वृत्तिहरूमा के के कामहरू गर्नु पर्दछ ? ती वृत्तिहरूलाई आवश्यक पर्ने योग्यता के के हुन् ? ती वृत्तिहरूबाट के कस्तो आम्दानी प्राप्त गर्न सकिन्छ ? जस्ता प्रश्नहरूको उत्तर खोजिन्छ। उक्त प्रश्नहरूको उत्तरबाट व्यक्तिले शैक्षिक जानकारी र वृत्ति जानकारी प्राप्त गर्दछ।

### ३. वृत्तिका विकल्पहरूको विकास

वृत्ति खोजी पथको तेस्रो चरणमा वृत्तिका विकल्पहरूको विकास गरिन्छ। व्यक्तिले आफ्नो रुचि, खुबी र क्षमतासँग मेल खाने विभिन्न वृत्तिहरूको छनोट गर्ने काम यस चरणमा गर्दछ। एक भन्दा बढी वृत्ति छनोट गर्नाले भविष्यमा धेरै मार्गहरु खुला रहन्छन्। यसले गर्दा व्यक्तिसँग बैकल्पिक उपायहरु रहिरहन्छन्। कुनै कारणबस पहिलो वृत्ति तयारी गर्न सकिएन भने दोस्रो वा तेस्रो वृत्तिको तयारी गर्न सकिन्छ।

### ४. वृत्तिको तयारी

वृत्ति खोजी पथको अन्तिम अथवा चौथो चरण वृत्तिको तयारी गर्ने हो। छनोट गरेको वृत्तिको समयानुसार तयारी गर्दै जानुपर्दछ। तयारी गर्नका लागि अल्पकालिन तथा दीर्घकालिन लक्ष्य निर्माण गरी लक्ष्य प्राप्तिका लागि बिभिन्न किसिमका शैक्षिक तथा अन्य क्रियाकलापहरू गर्दै जानु पर्दछ। उदाहरणको लागि नर्स वृत्ति छनोट गरेको व्यक्तिले नर्सिङ्ग कोर्स अध्ययन गर्ने, जागिरको लागि सोधखोज गर्ने, बायोडाटा तयार गर्ने, अन्तरबार्ताको लागि तयारी गर्ने आदि।

## Career Guidance Module – 2

## रुचि र खुबी (Interest and Aptitude)

कुनैपनि वृत्ति छनोट गर्न नभई नहुने तत्वहरू रुचि र खुबी हुन्। व्यक्तिको रूचि र खुबी अनुसार वृत्ति रोजियो भने मात्र जीवनमा सन्तुष्ट र सफल भइन्छ। आफूलाई जुन काम गर्दा रमाइलो लाग्छ र गरीरहन मन लाग्छ त्यसलाई रुचि (Interest) भनिन्छ। रुचि भएको कामले मानिसको ध्यान तान्दछ र उक्त काम निरन्तर गरिरहन्छ। आफ्नो रुचिको काम गर्दा मानिसले थाकेको महसुस गर्दैन्। व्यक्तिलाई कुनै काम गर्न मन पर्छ भन्दैमा उसले त्यो काम गर्न जानेकै हुन्छ भन्ने हुदैन।

कुनैपनि व्यक्ति जन्मजात केहि न केहि क्षमता लिएर आएको हुन्छ। उक्त क्षमताका कारण ऊ कुनै काममा स्वतः राम्रो हुन्छ, सक्षम हुन्छ र अब्बल हुन्छ। त्यही विशेष प्रकारको क्षमतालाई नै खुबी (aptitude) भनिन्छ। यो एक प्राकृतिक क्षमता हो। यो शारीरिक वा मानसिक जुनपनि हुन सक्दछ। तर रोचक कुरा के छ भने कुनै व्यक्तिमा केही काम गर्ने वा सिक्ने खुबी हुदैमा त्यही काममा रुचि पनि हुन्छ भन्ने हुदैन।

## पाँच क्षमता (Five Potentials)

रुचि र खुबीको मिलन विन्दु क्षमता हो। हरेक व्यक्ति जन्मैदेखि विभिन्न क्षमताहरू लिएर आएको हुन्छ। प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक हावर्ड गार्डनरको बहुआयामिक प्रज्ञाको सिद्धान्त (Multiple Intelligence Theory ) अनुसार विभिन्न क्षमताहरु मध्ये बाट पाँच प्रकारका क्षमता (भाषिक, विश्लेषणात्मक-तार्किक, स्थलगत, व्यक्तिगत, र शारीरिक-यान्त्रिक) को आधारमा यहाँ वृत्ति मार्गनिर्देशन गरिएको छ। प्रत्येक मानिसमा यी सबै क्षमताहरू हुन्छन् तर यिनीहरूको मात्रा भने फरक फरक हुन्छ। यदि हामीले आफूमा प्रवल भएको क्षमता पत्ता लगाई त्यो क्षमतासँग सम्बन्धित वृत्ति छनोट गर्न सक्यौ भने त्यो वृत्तिमा सफलता प्राप्त गर्न सजिलो हुन्छ। त्यसकारण यी पाँच क्षमताको बारेमा जानकारी हुन अत्यन्त आवश्यक छ।

### १. भाषिक क्षमता (Linguistic Potential)

भाषिक क्षमता भनेको मौखिक वा लिखित रूपमा शब्दसँग खेल्न सक्ने क्षमता हो। यो क्षमता प्रवल भएका मानिसहरू शब्दलाई प्रभावकारी ढंगले प्रयोग गर्न सक्ने; आफ्नो विचार स्पष्ट रुपमा राख्न सक्ने; आफूले जानेको कुरा अरुलाई बुझाउन/सिकाउन सक्ने; बोल्न तथा तर्क-वितर्क गर्न सक्ने; कलात्मक ढंगले कुराकानी गर्न सक्ने; आफ्नो विचार, भावना र अनुभवलाई कथा, कविता, निवन्धमा व्यक्त गर्न सक्ने; शब्दको अर्थमा विशेष ख्याल राख्न सक्ने र लेखन कलामा निपुण हुन्छन्। उदाहरणका लागि शिक्षक, प्रशिक्षक, लेखक, कथाकार, वकिल, पत्रकार, सम्पादक आदि भाषिक क्षमता राम्रो भएका व्यक्तिहरू हुन्।

### २. विश्लेषणात्मक-तार्किक क्षमता (Analytical-logical Potential)

तथ्य र तथ्याङ्कसँग खेल्न सक्ने क्षमतालाई विश्लेषणात्मक-तार्किक क्षमता भनिन्छ। यो क्षमता राम्रो भएका मानिसहरू कुनैपनि विषयमा तर्क दिन सक्ने, हिसाबकिताब र सुत्रहरूसँग काम  गर्न सक्ने, प्राप्त तथ्य, तथ्याङ्क र सूचनालाई विश्लेषण गर्न सक्ने र विचार विमर्श गरी समस्याको समाधान प्रभावकारी रूपले गर्न सक्छन्। तथ्याङ्क (data) केलाएर आकलन गर्ने, पैसाको हर हिसाब राख्ने, योजना बनाउने र कार्यान्वयन गर्ने जस्ता कामको अग्र पङ्तिमा यो क्षमता भएका व्यक्तिहरू पाइन्छन्। कुनैपनि बिषयवस्तुमा तर्क वितर्क गर्ने काममा यस्ता व्यक्तिहरू अब्बल हुन्छन्। त्यसैगरी कुनैपनि कामको कारण र प्रभाव सम्बन्ध (cause-effect relationship) हेर्ने काम गर्ने व्यक्तिहरूमा पनि यो क्षमता उच्च रहेको हुन्छ। उदाहरणको लागि गणित विज्ञ, लेखापाल, वैज्ञानिक, कम्प्युटर विज्ञ, अनुसन्धानकर्ता, आदिमा विश्लेषणात्मक-तार्किक क्षमता प्रवल रहेको हुन्छ।

### ३. स्थलगत क्षमता (Spatial Potential)

रङ र आकारसँग खेल्न सक्ने क्षमतालाई स्थलगत क्षमता भनिन्छ। स्थान र रङलाई कहाँ र कसरी प्रयोग गर्ने, कुन वस्तुलाई कस्तो आकार दिने जस्ता काम गर्न स्थलगत क्षमताको आवश्यकता पर्दछ। यो क्षमता प्रवल भएका मानिसहरूले कुनैपनि स्थानलाई आफ्नो कल्पना अनुसार सजाउन सक्छन् ; आफ्नो भावना तथा अनुभवलाई चित्रमा उतार्न सक्छन् ; प्लास्टिक वा अन्य सामग्रीबाट नयाँ वस्तु उत्पादन गर्न सक्छन् ; व्यक्ति वा वस्तुको शारीरिक छवि

सजिलैसँग कोर्न सक्छन् । उनीहरू ग्राफ, चार्ट, टेबुल, चित्र आदिको प्रभावकारी ढंगले व्याख्या विश्लेषण गर्न सक्दछन् । उदाहरणको लागि आर्किटेक्ट इन्जिनियर, ब्युटिसियन, फेसन डिजाइनर, पेन्टर, मूर्तिकार, आदि स्थलगत क्षमता राम्रो भएका व्यक्तिहरू हुन् ।

**४. व्यक्तिगत क्षमता( Personal Potential)**

व्यक्तिगत क्षमतामा वैयक्तिक (Intrapersonal) र अन्तरवैयक्तिक (Interpersonal) दुवै क्षमताहरू पर्दछन् । आफ्ना भावना, संवेग, विचार, मनस्थिति र स्वभावप्रति सचेत रही केहि काम गर्न सक्ने क्षमतालाई वैयक्तिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरू आत्मसचेत रहने, आफ्ना सवल पक्ष र दुर्वल पक्ष आत्मसमिक्षा गर्न सक्ने, नयाँ नयाँ सिद्धान्त र विचारहरू विश्लेषण गर्न रमाउने खालका हुन्छन् । उदाहरणका लागि लेखक, दार्शनिक, वैज्ञानिक, सिद्धान्त प्रतिपादक, विश्लेषक आदि वैयक्तिक क्षमता प्रवल भएका व्यक्तिहरू हुन् ।

अरुका भावना, संवेग, विचार, मनस्थिति र स्वभावप्रति सचेत रही केहि काम गर्न सक्ने क्षमतालाई अन्तरवैयक्तिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरू अरुको समस्यालाई बुझ्न सक्ने, अरुको सम्मान र विश्वास जित्न सक्ने, आफ्नो बोलि व्यवहारबाट अरुलाई प्रभाव पार्न र परिवर्तन गर्न सक्ने, अरु व्यक्तिहरूलाई स्वभाविक ढंगले भेटघाट गर्न सक्ने र उनीहरूसँग घुलमिल हुन सक्ने खालका हुन्छन् । उदाहरणका लागि समाजसेवी, परामर्शकर्ता, नर्स, वेटर, हेरचाहकर्ता, बारटेन्डर, रिसेप्सनिष्ट, बजार व्यवस्थापक आदि अन्तरवैयक्तिक क्षमता प्रवल भएका व्यक्तिहरू हुन् ।

**५. शारीरिक-यान्त्रिक क्षमता (Physical-mechanical Potential)**

आफ्नो शरिरलाई कुशल ढंगले प्रयोग गर्न सक्ने क्षमतालाई शारीरिक-यान्त्रिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरूको आँखा र हात तथा हात र गोडाको संयोजन एकदमै राम्रो हुन्छ । शारीरिक श्रम लाग्ने काममा यिनीहरूलाई वढी रूचि हुन्छ । यस्ता व्यक्तिहरू कुनैपनि क्रियाकलापप्रति छिट्टै शारीरिक प्रतिक्रिया जनाउने, कल-कारखानामा काम गर्न सक्ने, हातको मसिनो काम गर्न सक्ने, प्रविधिको प्रयोग गरी काम गर्न सक्ने, मेसिनसँग काम गर्न सक्ने खालका हुन्छन् । उदाहरणका लागि खेलाडी, नर्तक (Dancer), कलाकार, कुक, सिकर्मी, डकर्मी, वेल्डर, मोबाइल मर्मतकर्ता, कृषक, आदि शारीरिक-यान्त्रिक क्षमता राम्रो भएका व्यक्तिहरू हुन् ।

## वृति विश्वास (Career Belief)

कुनैपनि व्यक्तिको वृत्ति प्रतिको धारणालाई नै वृत्ति विश्वास भनिन्छ । यो व्यक्तिको मनमा गढेर बसेको वृत्ति प्रतिको आस्था वा मनोवृत्ति हो । वृत्ति विश्वासमा व्यक्तिको सामाजिक आर्थिक अवस्था, सांस्कृतिक मूल्य मान्यता तथा पारिवारिक वातावरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वृत्ति विश्वासले केवल एउटा व्यक्तिको मात्र विश्वासलाई प्रतिनिधित्व नगरीकन उसको समग्र समुदायको विश्वासलाई समेत प्रतिनिधित्व गर्दछ । वृत्ति विश्वास एउटा समुदायबाट अर्को समुदाय र एउटा पिँढीबाट अर्को पिँढीमा सरिरहेको हुन्छ । यो सँधै विवेकयुक्त तथा तार्किक हुन्छ भन्ने हुदैन् । वृत्ति विश्वास व्यक्ति-व्यक्ति र समुदाय- समुदाय अनुसार फरक हुन सक्दछ । वृत्ति छनोट गर्दै गर्दा आफ्नो वृत्तिप्रति कस्तो

विश्वास छ भन्ने कुराले निकै ठूलो भूमिका खेल्दछ। वृत्तिमा मानिस सफल वा असफल हुने कुरा उसको वृत्ति विश्वाससँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ। त्यसकारण वृत्ति छनोट गर्दा वृत्ति प्रतिको आफ्नो विश्वास अध्ययन गर्नु आवश्यक छ।

## रुचिको लेखाजोखा (Measurement of Interest)

यदि तपाईँ वृत्ति खोजी गरिरहनु भएको छ भने तपाईँको रुचिको लेखाजोखा गरी आवश्यक मार्गनिर्देशन गर्नको लागि यहाँ स्तरिकृत प्रश्नावलीको प्रयोग गरिएको छ। दिईएका पाँचओटा क्षमताका सबै १२ – १२ ओटा प्रश्नहरूको उत्तर दिनुहोस्। यो प्रश्नावलीको हरेक कथनमा १ देखी ४ सम्मका विकल्पहरू राखिएको छ आफूलाई उपयुक्त लाग्ने विकल्पमा चिनो लगाउनुहोस्। प्रत्येक क्षमतामा आएको कुल अंक जोडेर राख्नुहोस्। प्रश्नहरू एकदमै गहिरिएर पढ्नुहोस् अनिमात्र अंक प्रदान गर्नुहोस्। यो क्रियाकलापले तपाईँलाई के कुरामा रुचि छ भन्ने कुराको जानकारी प्रदान गर्दछ।

## Career Guidance Module – 3

रुचि र खुबीको प्रश्नावली

## Career Guidance Module – 4

**वृत्ति तथा शैक्षिक जानकारी**

बृत्ति छनौट गर्ने प्रकृयामा रुची, खुवी र क्षमतासँग मेल खाने जुन बृत्तिको छनौट गरिएको हुन्छ सो वृत्तिको वारेमा जानकारी हुनु आवश्यक हुन्छ। वृत्ति छनौट गर्ने प्रकृयामा निम्नानुसारका जानकारी हुन आवश्यक छ।

**क. बृत्ति जानकारी** :

यस सम्बन्धी आवश्यक जानकारी अन्तर्गत बृत्तिको नाम, त्यसको परिभाषा, त्यस वृत्तिमा जानको लागि आवश्यक क्षमता, गर्नुपर्ने काम, कार्यक्षेत्र आदिका वारेमा जान्नु पर्दछ।

वृत्तिको नाम भनेको वृत्तिलाई दिएको आधिकारिक नाम नै वृत्तिको नाम हो। नर्स एउटा वृत्तिको नाम हो। वृत्तिको परिभाषा भन्नाले वृत्ति वास्तवमा के हो, सो वृत्तिसँग के कस्ता जागीरहरु सम्बन्धित छन्, सो वृत्तिमा के कस्ता कामहरु गर्नुपर्छ जस्ता विषयको जानकारी हो। आफ्नो वृत्ति छनौट गर्नु भन्दा अघि त्यसवारेमा विस्तृत जानकारी लिन आवश्यक हुन्छ। वृत्तिको परिभाषा थाहा पाउनु वृत्ति जानकारीको पहिलो चरण हो।

**ख. शैक्षिक जानकारी** :

कुनै पनि वृत्ति रोज्नु भन्दा अगाडि प्रत्येक व्यक्तिमा उक्त वृत्तिका लागि आवश्यक पर्ने शैक्षिक विषयको ज्ञान हुन जरुरी छ। अलग_अलग वृत्तिका लागि छुट्टा_छुट्टै शैक्षिक क्षेत्रको योग्यता र ज्ञान हुन आवश्यक हुन्छ। आफ्नो रुचि र क्षमताको मेल हुने वृत्ति छनौट गरिसकेपछि उक्त वृतिमा जानको लागि कुन विषयमा शैक्षिक योग्यता हासिल गर्नु पर्दछ भन्ने कुराको

जानकारी हुनु पर्दछ । उदाहरणको लागि शिक्षक वृत्तिमा जान शिक्षाशास्त्र संकायबाट अध्ययन गरी योग्यता बनाउनु पर्दछ ।

व्यक्तिले आफूले छानेको वृत्तिमा जानको लागि आवश्यक वाञ्छनिय (न्यूनतम) योग्यता वारे थाहा पाउनु पर्छ । त्यो वृत्ति अगाल्नको लागि पढ्नु पर्ने कोर्ष र लिनु पर्ने तालीमका विषयमा जान्नु पर्दछ ।

आवश्यक कोर्स र तालीमको विषयमा जानकारी भइसकेपछि आफ्नो लागि उपयुक्त देखिए उक्त वृत्तिलाई अगाल्न सकिन्छ ।

कुनै व्यक्तिले निश्चित पाठ्यक्रम छान्नु, उक्त पाठ्यक्रममा आधारित विषयवस्तु अध्ययन गर्नु र त्यस विषयवस्तु सम्बन्धीका सबै परीक्षामा उत्तिर्ण हुनु र योग्य छु भनी प्रमाणित गर्ने कागजात प्राप्त गर्नु नै योग्यता प्राप्त गर्नु हो । न्ेपालको सन्दर्भमा योग्यतालाई तीन प्रकारमा बाँडिएको छ ।

**आधारभूत तालीम** :

थोरै सैद्धान्तिक र धेरै व्यवहारिक ज्ञानलाई जोड दिएर व्यक्तिको रुची र क्षमतामा आधारित कुनै पनि सीपमा पोख्त बनाउने र व्यवहारिक रुपमा उसलाई कुनै पनि सीपमूलक व्यवसायमा जोड्नलाई निश्चित समय अवधिका निश्चित तालीमहरु प््रदान गर्नु नै आधारभूत तालीम हो । यस्ता तालीमहरु साधरण लेखपढ गर्न सक्ने र विविध कारणले पढाईलाई निरन्तरता दिन नसक्ने व्यक्तिहरुको लागि उपयुक्त हुन्छन् । सामान्य लेखपढ गर्न सक्ने व्यक्तिदेखि पढेलेखेका व्यक्तिले पनि व्यवसायिक तर्फको आधारभूत तालीम लिन सक्नेछन् । आधारभूत तालीम ४ तहसम्मका हुन्छन् । ३ महिनेदेखि ६ र ९ महिने अवधि सम्म संचालित यस्ता तालीम लिईसकेपछि व्यक्ति स्वरोजगार बनी आत्मनिर्भर बन्न सक्छन् । यस्ता तालीम प्राप्त जनशक्ति नेपालका लागि आवश्यक छन् । स्वरोजगार बन्न मात्र नभई अरुलाई रोजगार दिलाउन समेत यस्ता तालिमहरु उपयोगि हुन्छन् ।

उदाहरणको लागि, सिलाई कटाई प्रशिक्षण, कपाल काट्ने तालीम, ड्राइभिङ्ग, कूक सम्बन्धी तालीम आदि आधारभूत तालीम हुन् ।

**सर्टिफिकेट / डिप्लोमा**:

यी कोर्सहरु व्यवहारिक र सैद्धान्तिक दुवै खाले ज्ञान र सीपलाई आधारित गरेर बनाईएका हुन्छन् । प््राविधिक कोर्सहरु हुने भएकाले व्यक्तिले प्राविधिक ज्ञान हासिल गरी सेवा दिन सक्छन् । न्ेपालको सन्दर्भमा यस्ता कोर्सहरुको क्षेत्र फराकिलो छ । यस्ता कोर्स गरेका व्यक्तिहरुले वेरोजगार भएर बस्नु पर्दैन । कतिपय डिप्लोमा कोर्सहरु माध्यामिक तहको परीक्षा उत्तिर्ण गरेपछि गर्न सकिन्छ । छोटो समयमा कम लगानी गरी प्राविधिक ज्ञान प्राप्त गरी आफूलाई निश्चित विषयवस्तुमा योग्य बनाई रोजगार प्राप्त गर्न सक्ने भएकाले यो विषय र कोर्सहरुमा हामीले जोड दिनु पर्छ । न्ेपाली समाजमा प्राविधिक ज्ञान भएको जनशक्ति कम भएको कारण अन्य देशबाट यस्ता जनशक्तिहरु ल्याउनु पर्दा देशको व्ययभार पनि बढेको हुनाले हामीले आफ्नै देशमा आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक छ । यी कोर्सहरु सीटीइभीटीई अन्तर्गत गराइन्छ । जस्तैः होटल व्यवस्थापन वा फेसन डिजाईनमा डिप्लोमा ।

न्ोपालमा केही विषयहरुमा कक्षा ९ देखि नै प्राविधिक शिक्षामा प्रवेश गर्न सकिने प्रावधानहरु छन् । विद्यार्थीले कक्षा ९ बाट प्राविधिक विषय छनौट गरी प्राविधिक विषयमा माध्यामिक शिक्षा परीक्षा दिन सक्छन् । सीटीईभिटीईले तीन वर्षे डिप्लोमा तहका प्राविधिक कोर्सहरु सञ्चालन गरेको छ । यस्ता कोर्स गरेका विधार्थीहरु सरकारी प्राविधिक सेवामा ना.सू. र खरिदार सरहका लागि योग्य मानिन्छन् । ३ वर्षे डिप्लोमा कोर्स पूरा गरेका विद्यार्थीहरु आ–आफ्नो विषय र विधा अनुसार सिधैं र केहि पूर्व तयारीका साथ सामान्य शिक्षाको डिग्री अन्तर्गत स्नातक तहमा जान पनि सक्दछन् ।

**डिग्री** :

सामान्य शिक्षा अन्तर्गत कक्षा १ देखि विद्यावरिधी सम्म विभिन्न विद्यालय र विश्वविद्यालयबाट प्राप्त गर्न सकिने कोर्सहरु यस अन्तर्गत पर्दछन् । यी कोर्सहरुमा व्यवहारिक भन्दा सैद्धान्तिक ज्ञान बढी हुन्छ । यी कोर्सहरु गर्नको लागि लामो समय र धेरै लगानी आवश्यक पर्दछ । सैद्धान्तिक ज्ञान बढी र व्यवहारिक ज्ञान कम हुने कारणले धेरै शैक्षिक वेरोजगार नेपालले व्यहोर्नु परेको छ । यो डिग्री हासिल गरिसकेपछि विशेष वृत्ति तर्फ जान त सकिन्छ तर नेपालको सन्दर्भमा यो कोर्स गरेका जनशक्ति धेरै तर रोजगार क्षेत्र कम भएको कारणले यो शिक्षामा आकर्षण कम हुँदै गएको छ । र हामीले पनि यस्ता कोर्स भन्दा व्यवहारिक र प्राविधिक कोर्सहरु हासिल गरी छोटो समय र थोरै लगानीमा आफूलाई प्राविधिक जनशक्ति निर्माण गरी रोजगार प्राप्त गर्न सक्छौ । नकि शैक्षिक वेरोजगारको पीडा राज्यले अरु थेग्न नपरोस् ।

**तल दिएको सूचीमा वृत्ति र विषयको नामहरु दिएको छ । विषय चिनेर गोलो लगाउनुहोस् ।**

न्यायधिस, पत्रकार, नर्सिङ, वाणिज्यशास्त्र, मनोविद्, कम्प्युटर इञ्जिनियरिङ, जीव विज्ञान, डकर्मी, मानव अधिकारकर्मी, सेरिकल्चर, जीव विज्ञान, डाक्टर, टेलर, ब्यूटिसियन, फेसन डिजाइनिङ, ढाका बुनकर, डाइभिङ, बीबीए, चार्टर एकाउनिटङ, चिकित्सा विज्ञान ।

तपाईंहरुसँग वृत्ति जानकारी पुस्तिका र वृत्ति शब्दकोश छ, त्यसको सहयोगमा तल दिएका ५ वटा वृत्तिको नामलाई आवश्यक पर्ने प्राथमिक क्षमता, परिभाषा, बाञ्छनिय योग्यता र योग्यता (आधारभूत तालीम, सर्टिफिकेट/डिप्लोमा र डिग्री) का विषयमा दिएका तालिका भर्नुस् ।

| नाम | प्राथमिक क्षमता | परिभाषा | वाञ्छनिय योग्यता | योग्यता | | |
|---|---|---|---|---|---|---|
| | | | | आधारभूत तालीम | सर्टिफिकेट/डिप्लोमा | डिग्री |
| प्लम्वर | | | | | | |
| चिकित्सक | | | | | | |
| शिक्षक | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| फोटो ग्राफर | | | | | | |
| प्लम्वर | | | | | | |

**नेपालको शैक्षिक संकाय/धार** :

नेपाली समाजमा विशुद्ध विज्ञान संकायलाई मात्रै विज्ञान विषयका रुपमा बुझिन्छ यो गलत अवधारणा हो, विज्ञान भनेको एउटा शास्त्र हो । कुनै पनि विषयलाई वैज्ञानिक तरिकाबाट अनुसन्धान गरी शोध वा खोज गरी नयाँ ज्ञान प्राप्त गरिन्छ भने त्यो विज्ञान हो । किनकि सबै संकाय अन्तर्गतका विषयहरु विज्ञान हुन् । सबै संकायमा वैज्ञानिक विधिबाट अध्ययन अध्ययपन गराइन्छ । नेपाली समाजमा विशुद्ध विज्ञान संकाय पढेका विद्यार्थीहरु अवल हुन्छन् भन्ने भाष्य सृर्जना गरिएको छ । तर राज्य संचालनको लागि र आत्मनिर्भर राष्ट्र निर्माणको लागि सबै खाले विषयसँग सम्बद्ध जनशक्तिको उत्पादन गर्ने हाम्रो दायित्व हो । विशुद्ध विज्ञान संकायमा अध्ययन अध्यापन गराइने विषयवस्तुहरु मात्र महत्वपूर्ण नभई सबै संकाय अन्तर्गतका विषयवस्तुहरु उत्तिकै महत्वपूर्ण हुन्छन् र ती विषयहरु पनि विज्ञान नै हुन् भनेर बुझ्न जरुरी छ ।

**नेपालमा उपलब्ध शेक्षिक संकायहरुलाई निम्नानुसार दिएको छ ।**

**क. विशुद्ध विज्ञानः**

यस संकायमा जीव विज्ञान, रसायन विज्ञान, भौतिक विज्ञान र अन्य विशुद्ध विज्ञानसँग सम्बन्धित विषयहरु अध्ययन, अध्यापन गराइन्छ । ब्रम्हण्डका प्राणी र वनस्पतीका जीव विज्ञानले अध्ययन गर्दछ । भौतिक संसारका भौतिक वस्तुहरुको वारेमा भौतिक विज्ञानमा अध्ययन गरिन्छ । विभिन्न रसायन सम्बन्धी रसायन विज्ञानले अध्ययन गर्दछ । उदाहरणको लागि जीव शास्त्र, आणविक जीव विज्ञान, बंशाणु शास्त्र, जेनिटीक रसायन शास्त्र, माइक्रो वायोलोजी, खनीज शास्त्र औषधि विज्ञान आदि विशुद्ध विज्ञान अन्तर्गत पढाइ हुने विषय हुन् ।

**ख. मानविकी :**

यो संकायमा अध्ययन गरिने विषयहरुमा इतिहास, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, इतिहास, दर्शनशास्त्र, भाषाविज्ञान, सामाजिक कार्य आदि पर्दछन् । मानविकी संकायलाई कला भनेर पनि चिनीन्छ । यस संकायमा पढाइ हुने विषयवस्तुमा व्यक्ति। समूह, समाज र समाजका चुनौतीहरु र ती चुनौतीलाई सामना गर्ने तौरतरिकाको अध्ययन अध्यापन गरिन्छ ।

**ग. व्यवस्थापन :**

व्यवस्थापकीय सीपहरुको विस्तृत अध्ययन र व्यापार व्यवसायको ज्ञान र सीप विकाससँग सम्बन्धीत विषयहरु यस संकाय अन्तर्गत पर्दछन् । लेखा परीक्षण, विज्ञापन, अर्थ व्यापार, बैकिङ, इलोक्ट्रोनिक्स वाणिज्य, वितीय बजार, मानव स्रोत, विमा, श्रम सम्बन्ध, व्यवस्थापन विज्ञान, मार्केटिङ, तथ्याङ्क आदि जस्ता विषयहरु व्यवस्थापन संकाय अन्तर्गत नेपालमा पढाई हुन्छन् ।

**घ. चिकित्सा विज्ञान :**

यस संकाय अन्तर्गत रोगहरुको निधान, उपचार र रोकथाम सम्बन्धी विषयहरु अध्ययन अध्यापन गराइन्छ। चिकित्सा विज्ञान पढ्नको लागि विभिन्न विषयहरु उपलब्ध छन्। नेपालमा नर्सिङ, वायो मेडिसीन, मुटु विज्ञान, दन्त चिकित्सा, महामारी विज्ञान, सामान्य चिकित्सा, नाक, कान, घाँटी, आनुवाङसिकी, प्रसुती विज्ञान, रक्त विज्ञान, प्रतिरक्षा विज्ञान, औषधि विज्ञान, रेडियोलोजी आदि जस्ता विषयहरु चिकित्सा विज्ञान अन्तर्गत पर्दछन्।

**ङ. इन्जिनियरिङ संकाय :**

इन्जिनियरिङ विज्ञान र प्रविधिको एक शाखा हो। जहाँ भौतिक विज्ञान र रसायन विज्ञानका ज्ञानलाई व्यवहारिक इन्जिनियरिङरुपमा प्रयोग गर्ने काम गरिन्छ। संकायमा निर्माण सम्बन्धीका डिजाइन, नाप, नक्सा, मेसिन, इन्जिन र यन्त्रहरु सम्बन्धी तिनको संरचना र प्रयोगको विषयमा अध्ययन अध्यापन गरिन्छ। इन्जिनियरिङ संकाय अन्तर्गत, सीभील इन्जिनियरिङ, अटोमोवाइन इन्जिनियरिङ, इलोक्ट्रोनिक इन्जिनियरिङ, एरोनोटिकल इन्जिनियरिङ, आर्किटेक्ट इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ आदि जस्ता विषयहरु पर्दछन्।

**च. शिक्षा शास्त्र :**

शिक्षा शास्त्र एउटा कला र विज्ञान सम्बन्धीको संकाय हो जहाँ शिक्षण पेसासँग सम्बन्धित विधि, प्रकृया, कला कौशलका विषयमा अध्ययन, अध्यापन गरिन्छ। यसमा शिक्षण सिकाइका नविनतम सिद्धान्त र विधिहरुको अभ्यास गराई सिकारुलाई सिकाउने विषयमा ज्ञान सीपहरु हासिल गराइन्छ। मन्टेश्वरी, पेडागोजी प्रारम्भिक शिक्षा आदि विषयहरु यस संकाय अन्तर्गत पर्दछन्।

**छ. कानुन संकाय :**

कानुन संकायमा कानुन सम्बन्धी शैक्षिक अध्ययन अध्यापन गरिन्छ। जसमा ऐन कानुन लागू गरिने तौरतरिका, राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा अभ्यासमा रहेका कानुन अध्ययन गरिन्छ। त्यस्तै गरी आफ्ना सेवाग्राहीको तर्फबाट अदालतमा कानुनी दावी गर्ने विषयमा अध्ययन अध्यापन गराइन्छ। कानुन संकाय अन्तर्गत अपराध शास्त्र, कर्पोरेट कानुन, कम्पनि कानुन, सामुन्द्रिक कानुन, अन्तराष्ट्रिय कानुन, मानव अधिकार कानुन, उपभोक्ता अधिकार कानुन, पारिवारिक कानुन, बौद्धिक सम्पति कानुन जस्ता विषयमा अध्ययन अध्यापन गराइन्छ।

**नेपालको शैक्षिक प्रणाली** :

नेपालको शैक्षिक प्रणालीलाई ३ भागमा बाँडिएको छ।

क. सामान्य शिक्षा

ख. प्राविधिक तथा व्यवसायिक शिक्षा

ग. आधारभूत तालीम

**क. सामान्य शिक्षा**

१—८ कक्षालाई आधारभूत शिक्षाको रुपमा मानिन्छ। कक्षा ९ देखि १२ लाई माध्यामिक शिक्षा र तत्पश्चात ४ वर्षे स्नातक तह, २ वर्षे स्नातकोत्तर तह र तत्पश्चात विद्यावारिधि सामान्य शिक्षा अन्तर्गत पर्दछन्। यस अन्तर्गत पढाई हुने नेपालका विश्वविद्यालयहरुमा ः

त्रिभुवन विश्वविद्यालय (TU, 1959)

नेपाल संस्कृत विश्वविद्यालय (NSU, 1986)

काठमाडौं विश्वविद्यालय (KU, 1991)

पूर्वाञ्चल विश्वविद्यालय (PU, 1994)

पोखरा विश्वविद्यालय (PokU, 1997)

लुम्विनी बौद्ध विश्वविद्यालय (LBU, 2005)

सुदूरपश्चिम विश्वविद्यालय (2010)

मध्यपश्चिम विश्वविद्यालय (2010)

कृषि तथा वन विश्वविद्यालय (2010)

नेपाल खुल्ला विश्वविद्यालय (2016)

राजर्षिजनक विश्वविद्यालय (2017)

**प्रदेश स्तरीय विश्वविद्यालयहरु** :

गण्डकी विश्वविद्यालय (2076)

मनोमोहन प्राविधिक विश्वविद्यालय (2076)

मधेश कृषि विश्वविद्यालय (2078)

लुम्विनी प्राविधिक विश्वविद्यालय (2079)

मधेश विश्वविद्यालय (2079)

**शैक्षिक प्रतिष्ठानहरु** :

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान

वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

मदन भण्डारी  स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

**ख. प्राविधिक तथा व्यवसायिक शिक्षा** :

प्राविधिक तथा व्यवसायिक तालिम (सीटीईभिटी) ले विभिन्न प्राविधिक तथा व्यवसायिक कार्यक्रमहरु मार्फत यस्ता शिक्षाहरु प्रदान गर्दछ। जस अन्तर्गत स्वास्थ्य, इन्जिनियरिङ, कृषि, पशुपालन, सूचना प्रविधि जस्ता विषयमा प्राविधिक डिप्लोमा÷सर्टिफिकेट तहका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ। ३ वर्षे डिप्लोमाका विभिन्न कोर्सहरुलाई त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तह १० जोड २ को समकक्षता प्रदान गर्दछ। प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरी योग्यता बनाएका व्यक्तिहरुले सरकारी सेवामा प्राविधिक तर्फका ना.सू. र खरिदार पदको लागि परीक्षा पास गरी सेवामा जान पाउने प्रावधान छ। नेपालमा हाल कक्षा ९ देखि नै प्राविधिक धार तर्फको अध्ययन गराई प्राविधिक एसईई र प्राविधिक एसएलसीको प्रावधान रहेको छ। यसरी प्राविधिक शिक्षाको महत्व अन्य शिक्षा भन्दा बढी नै छ। अहिलेको समाजमा प्राविधिक र व्यवहारिक ज्ञान भएका जनशक्तिहरुको माग बढ्दो छ। नेपालमा मात्र नभई वैदेशिक रोजगार र विदेशमा पढ्न जानको लागि पनि प्राविधिक र व्यवसायिक शिक्षाको महत्व बढी छ।

**ग. आधारभूत/व्यवसायिक तालीम** :

यो शिक्षा अन्तर्गत विभिन्न छोटा र लामा अवधिका तालीमहरु दिई निश्चित विषयवस्तुमा पोख्त बनाई कुनै पनि व्यवसाय संचालन गर्न सक्ने जनशक्ति तयार पारिन्छ। साधारण लेखपढ गरेका मानिसले समेत यो तालिम हासिल गर्न सक्ने भएकाले सामान्य शिक्षा र प्राविधिक शिक्षावाहिर रहेका, कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरुलाई यस्ता तालिम संचालन गरी सीपयुक्त जनशक्ति तयार गरेर थोरै लगानीमा छोटो समयमा स्वरोजगारी तथा आत्मनिभर व्यवसायी बनाउन सकिन्छ। देशको बढ्दो वेरोजगारी समस्या समाधान गर्न बढ्दो वैदेशिक सामानको आयातलाई रोक्न यस्ता खालका तालिमहरु आवश्यक हुन्छन्। आधारभूत तथा व्यवसायिक तालीम अन्तर्गत कुक, फर्निचर, सिलाइ बुनाई, प्लम्वीङ्ग, इलेक्ट्रीसियन आदि पर्दछन्।

**वृति र यसको क्षेत्र** :

हामीले छनौट गरेका वृति विभिन्न क्षेत्रसँग सम्बन्धित हुन्छ। आफूले छनौट गरेको वृति कुन क्षेत्रसँग सम्बन्धित छ भन्ने कुरा जान्न आवश्यक हुन्छ। उदाहरणको लागि शोभाले ढाका बुनकर तालीम लिएर ढाका उद्योग संचालन गरेकी छन्। उनको त्यो वृत्ति कला र हस्ताकला अन्तर्गत पर्दछन्। त्यसैगरी श्यामले पत्रकारिता विषय अध्ययन गरी अनलाईन पत्रिका चलाउछन्। उनको वृत्ति श्रव्य, दृश्य र सञ्चार क्षेत्र अन्तर्गत पर्दछ। कुनै एक क्षेत्रमा धेरै वृत्तिहरु जेडिएका हुन्छन्। यहाँ विभिन्न १२ वटा वृत्ति क्षेत्रहरुलाई उल्लेख गरिएको छ। र ती क्षेत्र अन्तर्गत पर्ने वृत्तिहरुलाई पनि छुट्याइएको छ।

**१. कृषि खाद्य तथा प्राकृतिक श्रोत** :

खोटो संकलक, अदुवा कृषक, मौरीपालक, कुखुरापालक, माटो विज्ञ, कृषि व्यवस्थापक, माछापालक, प्राकृतिक श्रोत व्यवस्थापक, फलफूल तथा तरकारी उत्पादक आदि वृत्तिहरु यो क्षेत्र अन्तर्गत पर्दछन्।

**२. श्रव्य दृश्य र संचार** :

अनुवादक दोभासे, पत्रकार, सूचना प्राविधिक, फोटोग्राफर आदि वृत्तिहरु यो क्षेत्र अन्तर्गत पर्दछन्।

**३. इन्जिनियरिङ विज्ञान** :

प्लम्वर, डकर्मी, आर्किटेक्ट, इलेक्ट्रोनिक इन्जिनियर, रसायन इन्जिनियर, अटोमोवाइल ईन्जिनियर, सीभिल ईन्जिनियर आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

**४. स्वास्थ्य विज्ञान र नर्सिंङ्ग** :

नर्स, फार्मसिस्ट, चिकित्सक, पोषण तथा आहर विशेषज्ञ, योगा तथा प्राकृतिक उपचार निर्देशक आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

**५. वन विज्ञान** :

रेन्जर, वन विज्ञ, वन्यजन्तु जीव विशेषज्ञ, वन वातवरणविद्, वन संरक्षण तथा स्रोत व्यवस्थापक आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

**६. शैक्षिक तथा शिक्षा शास्त्र** :

शिक्षक, प्र.अ., विद्यालय निरिक्षक, शिक्षाविद्, पाठ्यक्रम विज्ञ, शिक्षा संयोजक आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

**७. व्यवस्थापन** :

लेखापाल, चार्टड एकाउन्टेन्ट, रिसेप्सनिस्ट, बैंकर, विक्री तथा बजार व्यवस्थापक आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

**८.सुरक्षा** :

सुरक्षा गार्ड, आर्मी, प्रहरी, सामुदायिक प्रहरी आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

**९ कानुन** :

न्यायधिस, वकिल, लेखानदास, जासुस, कम्पनी सेक्रेटरी, सामाजिक कार्य आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

**१०. सामाजिक कार्य** :

सामाजिक परिचारिका, विकासविद, मनोविद आदि ।

**११. पर्यटन/होटल व्यवस्थापन:**

वैटर, हाउस किपर, वार टेन्डर, कूक, टूर गाइड, होटल व्यवस्थापक आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

**१२. कला र हस्तकला** :

थन्का कलाकार, ढाका बुनकर, संगितकार, सेरेमिक कलाकार, मैथिली हस्तकला कलाकार आदि वृत्तिहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

**जीवनको गोरेटो:**

उल्लेखित वृत्ति र यिनको क्षेत्र उदाहरण मात्रै हुन् । समय अनुसार नयाँ नयाँ वृत्तिहरु आउदै जान्छन् र यिनका क्षेत्र पनि परिवर्तन हुन सक्दछ अथवा वृत्ति क्षेत्रको दायरा फराकिलो हुन सक्छन् । परिवर्तित समाजमा दिनानुदिन वृत्ति र वृत्ति क्षेत्र नयाँ नयाँ आउने हुनाले विद्यार्थीले यस्ता कुरामा चनाखो भइरहनु पर्छ  र परिवर्तित कुराहरुको जानकारी लिइरहनु पर्छ ।

# Career Guidance Module – 5

वृत्ति र यसको क्षेत्र **:**

विषय र वृत्ति **:**

समाजमा भइरहेका समसामयिक समस्यालाई समाधान हुन सक्ने विभिन्न सहयोगका क्रियाकलाप गर्नका लागि एक असल विद्यार्थीको ईच्छा र चाहना हुन्छ तथापि विद्यार्थीहरुले केही निश्चित वृत्तिले मात्र समाजका समस्यालाई सम्बोधन गर्न सकेको मात्रै बुझेका हुन्छन् । समाजमा भएका सबै खाले समस्यालाई हरेक वृत्तिले न्यूनिकरण गर्नका लागि भूमिका निर्वाह गरिरहेका हुन्छन् ।

कतिपय वृत्तिले प्रत्यक्ष रुपमा र कतिपयले अप्रत्यक्ष रुपमा सामाजिक समस्यालाई घटाउनको लागि र समुन्नत समाज निर्माणका लागि आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । यस विषय र वृत्ति शिर्षकमा हामीले केही विषय र वृत्तिलाई अन्तरसम्बन्धीत बनाएर ती विषय र वृत्तिले समाजका समस्यालाई न्यूनिकरण गर्नका लागि के कसरी भूमिका खेलिरहेका

हुन्छन भन्ने उदाहरण दिइन्छ। फलस्वरुप विद्यार्थीले सबैखाले वृत्तिले समाजमा हुने समस्यालाई घटाउने कुरामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेलेको कुरा बुझ्नु पर्दछ।

उदाहणको लागि प्राकृतिक प्रकोप विश्वव्यापि समस्या हो। जुन समस्यालाई न्यूनिकरण गर्न विज्ञान विषय पढेर आएको वैज्ञानिकले यो समस्या किन र कसरी बढिरहेको छ भन्ने विषयमा अध्ययन अनुसन्धान गरेर परिणाम दिन सक्छ। त्यसै गरी मानविकी संकायबाट आएको मनोविद्ले प्राकृतिक प्रकोपबाट पीडित समाजमा गएर मानसिक रुपमा विक्षिप्त भएका मानिसहरुलाई मनोसामाजिक परामर्श गर्न सक्छ। त्यसैगरी व्यवस्थापन संकाय पढेर आएको अर्थशास्त्रीले प्राकृतिक प्रकोप हुन नदिन के कस्तो आर्थिक व्यवस्थापन राज्यले गर्नुपर्ने र प्राकृतिक प्रकोप भइसकेपछि पीडित समुदायको जीवन स्तर कसरी बढाउने भन्ने विषयमा अर्थशात्रीले व्यवस्थापकीय भूमिका खेल्दछ। त्यसैगरी चिकित्सा विषय पढेर आएको चिकित्सकले प्राकृतिक प्रकोपबाट पीडित भएर आएको घाइतेहरुको उपचार गर्ने र स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गर्दछ। त्यस्तै इन्जिनियरिङ्ग क्षेत्रबाट आएका इन्जिनियरहरुले प्राकृतिक प्रकोप प्रतिरोध संरचना तथा प्रवृधिको निर्माणमा सहयोग गर्दछन् भने प्राकृतिक प्रकोप पछि पुनरसंरचनामा प्राविधिक सहयोग गर्दछन्। त्यस्तै शिक्षा संकाय पढेर आएको शिक्षकले विद्यार्थीहरुलाई प्राकृतिक प्रकोप सम्बन्धी जनचेतनामूलक शिक्षा दिने काम गर्दछन् । त्यसै गरी कानुन संकाय पढेर आएको कानुनविदले प्राकृतिक प्रकोपको समयमा विभिन्न नियम कानुन लागू गर्ने र अपराधिक क्रियाकलापमा संलग्नलाई कानुनी कार्वाही गराउने काम गर्दछन्।

यस्तै गरी वातावरण प्रदुषण, गरिवी, महिला तथा वालवालिका माथि हुने शोषण र हिंसा जस्ता सामाजिक समस्यालाई न्यूनिकरण गर्न सबै खाले वृत्तिहरुको आ–आफ्नै भूमिका हुन्छ।

(पुनश्चः वातावरण प्रदुषण, गरिवी र महिला तथा वालवालिकामाथि हुने शोषण र हिंसा न्यूनिकरणको लागि विभिन्न विषयहरु जस्तै विज्ञान, समाजशास्त्र, व्यवस्थापन, चिकित्सा, इन्जिनियरिङ, शिक्षा र कानुन पढेका वृत्तिहरु जस्तै वैज्ञानिक, प्लम्वर, नर्स, सामाजिक कार्यकर्ता फोहर व्यवस्थापक, प्रहरी, कृषिविज्ञ, शिक्षाविद्, व्यवसायी, वकिल, सवारी चालक, पत्रकार आदिले के कस्तो भूमिका निर्वाह गर्दछन् समूहमा छलफल गर्नुहोस् र निष्कर्ष निकाल्नुहोस्।)

**जीवन रेखा** :

अहिले हामी कक्षा ८ पास गरेर ९ कक्षामा छौं। हामीले आफ्नो जीवन वृत्ति विकासका लागि जीवन रेखा (जीवनको बाटो) कोर्न सक्दछौं।

**उदाहरण नं १**

हामीले अहिले नै काम सुरु गरेर थोरै आम्दानी गर्न सक्छौं। हामीले अहिले नै काम सुरु गर्दा खर्चको लागि पैसा कमाउन सकिन्छ। घरमा सहयोग हुन्छ। निकै वर्षसम्म आम्दानी उस्तै रहन्छ। केहि वर्षपछि काममा लामो अनुभव त हुन्छ तर आम्दानी थोरै हुन्छ।

**उदाहरण नं २**

हामीले पढाइलाई निरन्तरता दिने, केहि सीपमूलक तालीम लिएर प्राविधिक एसएलसी गरी सीटीईभीटीई बाट डिप्लोमाको डिग्री लिन सकिन्छ। तत्पश्चात शैक्षिक डिग्रीको पढाई पनि पूरा गर्न सकिन्छ। त्यसपछि काम सुरु गरी शिक्षा र अनुभव दुवै प्राप्त हुने र केहि वर्षपछि आम्दानीमा उच्च वृद्धि हुन्छ।

**उदाहरण नं ३**

पढाइमा निरन्तर अगाडि जाने, विषयवस्तुमा राम्रो ज्ञान हासिल गरी कम्तीमा स्नातक तह सम्म पढ्ने। तत्पश्चात काम सुरु गरी आम्दानी हुने राम्रो पेसामा स्थापित हुने, कामलाई निरन्तरता दिने त्यसपछि शिक्षा र अनुभव दुवै प्राप्त हुने र केहि वर्ष पछाडि आम्दानीमा उच्च वृद्धि हुने।

स्नातक तह पास गरेर काम नगरी पढाइमा निरन्तरता दिई स्नातकोत्तर तह पास गर्ने पढाइमा निरन्तरता दिदै विद्यावारिधि गर्ने। धेरै पढाई ढिलो आम्दानी।

**उदाहरण नं ४**

अहिले हामी कक्षा ८ पास गरेर ९ कक्षामा छौं। केहि नगर्ने पढाइमा ध्यान नदिन,ा रमाइलो र स्वतन्त्र जीवन विताउने तत्पश्चात मानिसहरुले समाजमा आलोचना गर्न सुरु गर्छन्। तनाव हुन्छ, मानसिक तनाव भएपछि कूलतमा फस्ने, जाँड रक्सी खाने, गाँजा भाङधतुरो जस्ता पदार्थहरु सेवन गर्ने यसले जीवन वर्वाद तिर लैजान्छ। अन्त्यमा वेरोजगार जीवन व्यतित गर्ने।

विद्यार्थी भाइवहिनीहरु माथि देखाइएका उदाहरणहरुले हाम्रो जीवन रेखाका लागि उपयुक्त मार्ग दर्शन गर्दछन्। हामीले कूलतमा फस्ने वेरोजगारी जीवन वाहेकका अरु उदाहरणहरुलाई आफ्नो परिस्थिति अनुसार रुचिखुवी सँग मेल खाने वृत्तिमा अगाडि बढ्नु पर्दछ।

**मेरो क्षमता मेरो वृद्धि** :

भाइवहिनीहरु यस शिर्षक अन्तर्गत हामीले आफ्नो उच्चतम तीन क्षमताको मूल्यांकन गरी प्राथमिकीकरणको आधारमा ९ वटा वृत्तिलाई लिपीबद्ध गर्दछौं। ती ९ वटा वृत्ति मध्ये ३ वटा वृत्तिलाई प्राथमिकीकरण गरेर ३ वटा वैकल्पिक वृत्तिहरु छनौट गरी जीवनमा ती ३ वटा वृत्ति मध्ये कुनैलाई अंगालेर अगाडि बढ्दछौं।

तालिका नं १ मा सर्वप्रथम दोस्रो सत्रमा हामीले गरेको रुचिको लेखाजोखा पश्चात आएको अंकलाई विभिन्न ५ वटा क्षमता अन्तर्गत रुचिको प्राप्तांक लेख्ने तत्पश्चात प्राथमिक रुचिको अंकलाई लेख्ने। तेस्रो दिनमा गरिएको प्राप्तिको लेखाजोखा अनुसार विभिन्न ५ वटा क्षमता अन्तर्गत आएको प्राप्तांकलाई लेख्ने र अन्त्यमा सबै अंकलाई जोडेर जम्मा निकाल्ने।

यसरी प्राप्तांक जोडेर आएको उच्चतम अंकलाई मूल्यांकन गरेर ५ वटा क्षमता मध्ये उच्चतम अंक प्राप्त गरेका पहिलो, दोस्रो, तेस्रो तालिकामा भर्ने। तेस्रो तालिकामा गइसकेपछि वृत्ति जानकारी पुस्तिकाको र वृत्ति शब्दकोशको आधारमा

उच्चतम ३ क्षमता अन्तर्गत तपाईंहरुलाई मन पर्ने ३÷३ वटा गरी ९ वटा वृत्तिका नामहरु तलिका ३ मा भर्ने। तालिका ४ मा गइसकेपछि तालिका ३ मा भरिएका ३ फरक फरक क्षमता अन्तर्गतका ९ वटा वृत्तिहरु मध्येबाट पहिलो दोस्रो र तेस्रो गरी तपाईंलाई मन पर्ने कुनै ३ वटा वृत्तिलाई १, २ र ३ मा लेखेर यी वैकल्पिक वृत्ति मध्ये कुनै एकलाई अंगालेर जीवनमा अगाडि बढ्ने। यस तालिकामा ३ वटा वृत्तिलाई वैकल्पिक वृत्तिको रुपमा छनौट गर्नु भनेको जीवनमा सधैंभरी हामीले रोजेको वृत्तिमा सफल हुन सकिन्छ भन्ने छैन। हामीले वृत्ति रोज्दाखेरी वैकल्पिक वृत्ति राख्यौ भने ती विकल्प मध्ये कुनै अर्कोमा जान सक्छौं। न कि कुनै एक वृत्तिमा असफल भइयो अर्थात जान सकिएन भने निराश भएर बस्न नपरोस्।

मलाई विश्वास छ तपाईंहरुले आफ्नो क्षमता र आफ्नो वृत्ति भरिसक्नु भएको छ। यसलाई थप प्रष्ट बनाउन तपाईंहरुकै साथी फुर्वाको कार्यपत्र लिएर म यहाँ यी तालिकाहरु भर्नेछु। स्पष्ट हुन बाँकी भए तपाईहरु पनि म सँगसँगै भर्नु होला।

फुर्वाको मेरो क्षमता प्राप्तांकको तालिकामा रुचिको मापनमा उच्चतम प्राप्त अंकमा ४८, भाषिकमा २१, विश्लेषणात्मक तार्किकमा ३२, स्थलगतमा ४०, व्यक्तिगतमा २८, शारिरीक यान्त्रिकमा १५। त्यस्तै गरी फुर्वाले प्राथमिकीकरण गरेको रुचिको प्राप्तांकमा उच्चत्तम अंक १२, भाषिकमा २, विश्लेषणात्मक तार्किकमा २, स्थलगतमा ८, व्यक्तिगतमा ६, शारिरीक यान्त्रिकमा २। त्यस्तैगरी उनको सवल पक्ष र प्राप्तिको प्राप्तांकमा उच्चत्तम प्राप्तांक ४० मा भाषिकमा १३, विश्लेषणात्क तार्किकमा २२, स्थलगतमा ३०, व्यक्तिगतमा २३, शारिरीक यान्त्रिकमा १२। त्यस्तैगरी उनको सवल पक्ष र प्राप्तिको प्राप्तांकमा उच्चत्तम प्राप्तांक ४० मा भाषिकमा १३, विश्लेषणात्क तार्किकमा २२, स्थलगतमा ३०, व्यक्तिगतमा २३, शारिरीक यान्त्रिकमा १२ प्राप्त भएको छ।

उनको जम्मा प्राप्तांक १०० पूर्णाङ्कमा भाषिक क्षमतामा ३६, विश्लेषणात्मक तार्किक क्षमतामा ५६, स्थलगत क्षमतामा ७८, व्यक्तिगत क्षमतामा ५७, शारिरीक यान्त्रिक क्षमतामा २९ रहेको छ।

अब दोस्रो तालिकामा जादा फुर्वाको उच्चत्तम क्षमता विश्लेषण गर्दा क्षमता नं १ मा स्थलगत क्षमता नं २ मा व्यक्तिगत क्षमता र क्षमता नं ३ मा विश्लेषणात्मक तार्किक क्षमता रहेको छ।

अब तेस्रो तालिकामा जादा फुर्वाको वृत्ति वारे एक अवलोकन गरिन्छ। यस तालिकामा वृत्ति जानकारी पुस्तिका र वृत्ति शब्दकोशको सहयोगबाट फुर्वाका उच्चत्तम क्षमताभित्र रहेका ३ क्षमता प्रत्येकका ३÷३ वटा गरी जम्मा ९ वटा वृत्तिलाई यो तालिकामा भरिएको छ।

क्षमता नं १ मा स्थलगत क्षमताबाट उनले फेसन डिजाइनर, फोटो ग्राफर र बेकर छानेका छन्। यसैगरी व्यक्तिगतबाट स्वस्थ्य सहायक, वरिस्ता र वेटर छानेका छन्। त्यस्तै गरी विश्लेषणात्मक तार्किक क्षमताबाट लेखापाल, वित्त विश्लेषक र वातावरणविद् छानेका छन्।

अब अन्तिम तालिकामा मेरो वृत्ति विकल्प अन्तर्गत फुर्वाले तालिका नं ३ मा भरेका ९ वटा वृत्ति मध्ये कुनै ३ वटा वृत्तिहरुलाई उनको वृत्ति विकल्प अनुसार राखेका छन्। फुर्वाको वृत्ति विकल्प नं १ मा फेसन डिजाइनर २ मा फोटो ग्राफर र ३ मा वरिस्ता रहेको छ।

# Career Guidance Module – 6

**मेरो वृत्ति पथ** :

भाइबहिनीहरु यस शिर्षक अन्तर्गत हामीले पाचौ सत्रमा छनौट गरिएका ३ वटा वैकल्पिक वृत्तिको वृत्ति पथ अध्ययन गर्दछौं । यसका लागि तपाईंहरुसँग भएको वृत्ति जानकारी पुस्तिकामा तपाईंले छनौट गरेको वृत्तिको नाम, परिभाषा, महत्व, प्राथमिक क्षमता, दितिय क्षमता, बाञ्छनीय योग्यता, वृत्ति पथ, वृत्तिमा गर्नु पर्ने काम र कार्य क्षेत्रको वारेमा दिएको छ । यी जानकारीको आधारमा तपाईंहरुले छनौट गरेका वैकल्पिक ३ वटा वृत्तिको वारेमा वृत्ति पथको अध्ययन र अवलोकन गर्नु हुनेछ र मैले फुर्वाको कार्यपत्रमा उनले छनौट गरेका ३ वटा वृत्ति विकल्पहरुको वृत्ति पथ बनाउनेछु । तपाईंहरुले पनि वृत्ति जानकारी पुस्तिका र वृत्ति शब्दकोशको सहयोगबाट आफ्नो वृत्ति पथको निर्माण गर्नुहोस् ।

फुर्वाको वैकल्पिक वृत्ति अन्तर्गत १ नं वृत्तिमा फेसन डिजाईनर राखेका छन् । फुर्वा अहिले कक्षा ९ मा छन् । उनले माध्यामिक शिक्षा परीक्षा (एसईई) उत्तिर्ण गरेपछि फेशन डिजाइनिङमा डिप्लोमा गर्नेछन् । तत्पश्चात फेसन डिजाइनिङमा स्नातक गरेर फेशन डिजाइनर बनेर काम सुरु गर्नेछन् । फेसन डिजाइनर बन्न प्राथमिक क्षमता स्थलगत र दितिय क्षमता शारिरीक यान्त्रिक क्षमता आवश्यक पर्दछ । यदि उनी वैकल्पिक वृत्ति अन्तर्गत वृत्ति नं २ मा गए भने फोटो ग्राफर उनको वृत्ति हुनेछ । उनले कक्षा ९ पास गरेर फोटोग्राफीमा ३९० घण्टाको आधारभूत तालिम लिएर फोटो ग्राफर बन्नेछन् । फोटो ग्राफर बन्न प्राथमिक क्षमता स्थलगत र द्वितिय क्षमता शारिरीक यान्त्रिक आवश्यक पर्नेछ । यदि फुर्वाले वृत्ति विकल्प मध्ये उनले छानेको वरिस्तालाई छनौट गरे भने वरिस्ता सम्बन्धी तह १ को ३९० घण्टाको तालिम लिनेछन् र उनले होटल तथा क्याफेमा वरिस्ता बनेर काम गर्न सक्नेछन् । वरिस्ता बन्नको लागि प्राथमिक क्षमतामा व्यक्तिगत क्षमता र द्वितिय क्षमतामा शारीरिक यान्त्रिक क्षमता आवश्यक हुन्छ ।

**मेरो वृत्ति पथ** :

यस शिर्षकमा हाम्रो कार्यपत्रमा भएको मेरो वृत्ति पथ अबको १० वर्षमा कस्तो हुनेछ भनी अध्ययन गरी १० वर्षको वृत्तिपथ लेखाजोखा गर्नेछौ र वृत्ति पथ कोर्नेछौं । मैले तपाईंको साथी रचनाले छनौट गरेको वृत्ति विकल्प मध्ये कम्प्युटर इन्जिनियर वृत्तिलाई १० वर्षको वृत्ति पथ कस्तो हुनेछ भनेर यहाँ प्रस्तुत गर्नेछु ।

रचना अहिले कक्षा ९ मा अध्ययन गर्दै हुनुहुन्छ । उहाँले कक्षा ९ सकेर कक्षा १० पढ्नु हुनेछ, तत्पश्चात माध्यामिक शिक्षा परीक्षा उत्तिर्ण गरेर कम्प्युटर इन्जिनियरिङमा ३ वर्षे डिप्लोमा कोर्स गर्नु हुनेछ । तत्पश्चात कम्प्युटर इञ्जिनियरिङमा स्नातक गर्नु हुनेछ अथवा उहाँले एसईई सकेर विज्ञान विषयमा एसएलसी पास गरी कम्प्युटर इन्जिनियरिङमा स्नातक गर्नु हुनेछ ।

रचनाले कम्प्युटर इञ्जिनियरिङ गरिसकेपछि उहाँको कम्प्युटर इन्जिनियर हुने वाञ्छनिय योग्यता पुग्यो । अब उहाँले कम्प्युटर इन्जिनियरिङको पदका लागि खुलेका परीक्षा तयारी गर्नु हुनेछ । परीक्षा पास गरेर अन्तरवार्ता दिनु हुनेछ । अन्तवार्ता पास गरिसकेपछि कम्प्युटर इञ्जिनियर भई आफ्नो वृत्ति विकास गर्नु हुनेछ ।

यस शिर्षक अन्तर्गत हामीले हाम्रा वृत्ति विकल्पमा मेल खाने वृत्तिमा हुनु भएका हाम्रो समुदायका व्यक्तित्वहरुसँग अन्तरवार्ता लिनेछौं । जसको मद्दतले हामीलाई हाम्रा वृत्तिहरुमा जानको लागि जानकारी प्राप्त हुनेछ र हामीले छनौट गरेको वृत्तिमा सजिलोसँग जान सक्नेछौं । भाइवहिनीहरुले आफ्नो वृत्ति विकल्पहरुको छनोट गरिसक्नु भएको छ । तपाईंको समुदाय वरपर तपाईंको वृत्तिसँग मिल्दो वृत्तिमा हुनु भएका व्यक्तित्वसँग उहाँहरुको अनुकूल समयमा अन्तरवार्ता गरे अन्तरवार्ता गरी टिपोट गरेका जानकारीमूलक कुराकानीलाई कक्षामा प्रस्तुत गर्नु हुनेछ । वृत्ति अन्तरवार्ता कसरी गर्ने भन्ने विषयमा तपाईंहरुकै साथी नमूनाले शिक्षक वृत्तिलाई उहाँको वैकल्पिक वृत्तिमा छनौट गरेको हुनाले नमुनाले म शिक्षक वृत्तिमा भएको मिससँग अन्तरवार्ता गर्नु हुनेछ । यस अन्तरवार्ताबाट तपाईलाई तपाईंको वैकल्पिक वृत्तिसँग सम्बद्ध समुदायका व्यक्तित्वहरुसँग कसरी अन्तरवार्ता लिने भन्ने उपायहरु प्ाप्त हुनेछन् ।

शिक्षक वृत्ति जानको लागि अन्तरवार्ताको नमूना :

नमूना : नमस्कार मिस, आराम हुनुहुन्छ ?

मिस : नमस्कार नमूना, ठिक छु । तपाईंलाई म के सहयोग गर्न सक्छु ?

नमूना : मिस मैले शिक्षक वृत्तिलाई मेरो वैकल्पिक वृत्तिमा छनौट गरेको छु । भविष्यमा म पनि एक असल र सफल शिक्षक बनी शिक्षा क्षेत्रमा सेवा गर्ने लक्ष्य राखेको छु । शिक्षक वृत्तिमा जानको लागि जानकारी लिन तपाई एक शिक्षकलाई म सँग केहि प्रश्नहरु छन् । यो अन्तरवार्तापछि शिक्षक वृत्तिमा जान मलाई थप सहयोग हुनेछ ।

मिस : हुन्छ नमूना । तपाईंसँग भएका जिज्ञासालाई पालैपालो राख्न सक्नु हुन्छ ।

नमूना : सर्वप्रथम यो शिक्षक वृत्तिको परिभाषा कसरी गर्ने मिस ?

मिस : शिक्षक वृत्ति भनेको आफूले जानेका ज्ञानगुणका कुराहरु विद्यार्थीहरुलाई अथवा सिकारुलाई बुझाउने र सिकाउने काम हो ।

नमूना : यो वृत्ति अन्तर्गत के के काम गर्नुपर्छ ?

मिस : यो वृत्ति अन्तर्गत विद्यालयमा जाने र विद्यार्थीहरुलाई पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरु सिकाउने र यसको अलवा विद्यार्थीरुमा भएका अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गर्न, गराउन सहयोग पुग्ने कृयाकलापमा संलग्न गराउने । उचित मार्गनिर्देशन गर्ने, मध्यस्तकर्ता र सहजकर्ताको भूमिका खेल्ने र विद्यार्थीलाई सदाचार, नैतिकवान तथा एक असल नागरिक बन्नको लागि उत्प्रेरित गरिरहने आदि कृयाकलापहरु पर्दछन् ।

नमूना : यस वृत्तिको कार्यस्थल कहाँ हो मिस ?

मिस : विशेषगरी विद्यालय नै यस वृत्तिको कार्यस्थल हो र विभिन्न तालिम केन्द्रहरुमा पनि शिक्षकले आफ्नो विज्ञता प्रयोग गरी काम गर्न सक्दछन् ।

नमूना : यो वृत्तिमा जानको लागि आवश्यक क्षमता के के हुन् ?

मिस : यस वृत्तिमा जानको लागि आवश्यक क्षमता, भाषिक क्षमता र व्यक्तिगत क्षमता हुन् ।

नमूना : यो वृत्तिमा जानको लागि न्यूनतम योग्यता कति हुनुु पर्दछ ?

मिस : यस वृत्तिमा जानको लागि न्युनतम योग्यता शिक्षाशास्त्र संकायमा कुनै पनि विषयमा स्नातक तह उत्तिर्ण गर्नु पर्दछ ।

नमूना :  यो वृत्ति अंगाल्न कुन विषय पढ्नु पर्छ वा कस्ता सीपहरु सिक्नु पर्दछ ?

मिस : यो वृत्तिमा जानको लागि जुन विषयको शिक्षक हुने हो त्यही विषयलाई मुख्य विषयको रुपमा अध्ययन गर्नु पर्दछ । जस्तो कि म अंग्रेजी विषयको शिक्षक बन्न मैले अंग्रेजी विषयमा स्नातक तह उत्तिर्ण गर्नुपर्थ्यो, त्यसै अनुसार मैले अंग्रेजी विषममा स्नातक गरेको हो । यो वृत्तिमा जानको लागि शिक्षणसँग सम्बन्धित अभ्यास शिक्षणको तालिम लिने । विभिन्न शिक्षण विधिका वारेमा जानकारीमुलक तालिमहरु लिन सकिन्छ । आफू कुन विषयको शिक्षक बन्ने हो सो विषयमा स्नातक तह उत्तिर्ण गरिसकेपछि शिक्षक सेवा आयोगले विज्ञापन गरेको अध्यापन अनुमती पत्रको परीक्षामा सामेल भई उक्त परीक्षा पास गरी शिक्षण अध्यापन अनुमती पत्र लिनु पर्दछ । अध्यापन अनुमती पत्र प्राप्त भइसकेपछि नेपाल सरकार शिक्षक सेवा आयोगले गराउने शिक्षक छनौटको आयोगको परीक्षा लिखीत र मौखिक दुवै परीक्षा पास गरिसकेपछि शिक्षक सेवा आयोगले शिक्षक वृत्तिको लागि योग्य उम्मेदवारको रुपमा सिफारिस गर्दछ र शिक्षक वृत्तिमा आउन सकिन्छ ।

नमूना : यसका लागि पेसागत जोखिमहरु के के हुन सक्दछन् मिस ?

मिस : पेसागत जोखिमहरुमा आफूले पढाउने विषयवस्तुमा सिकाई उपलब्धी न्युन भएमा वा कमजोर भएमा, नविनतम शिक्षण विधिहरुमा अपडेट हुन नसकेमा, समुह कार्यमा मिलीजुली काम गर्न नसकेमा विद्यार्थीहरुलाई संतुष्टी बनाई सिकाउन नसकेमा राम्रोसँग वृत्ति विकास नहुने र पेसागत जोखिम बढ्दछ ।

नमूना : यो वृत्तिमा जान कति अवधि लाग्दछ मिस ?

मिस : अहिले तपाईं कक्षा ९ मा हुनुहुन्छ र तपाईंले एसईई पास गरेपछि शिक्षाशास्त्र संकायबाट ११/१२ कक्षा उत्तिर्ण गरेपश्चात तपाई कुन विषयको शिक्षक बन्ने सो विषयमा स्नातक गर्नु पर्दछ ।  अबको ८ वर्षमा शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तिर्ण गर्न सक्नुहुनेछ । तत्पश्चात अध्यापन अनुमती पत्र लिई शिक्षक सेवा आयोग पास गरेपछि तपाईं अबको १० वर्षमा शिक्षक वृत्तिमा आउन सक्नु हुनेछ ।

नमूना : यस वृत्तिमा मासिक कति कमाउन सकिन्छ मिस ?

मिस : यस वृत्तिमा मासिक ४२ हजार कमाउन सकिन्छ ।

नमूना : धन्यवाद मिस । शिक्षक वृत्तिमा जानको लागि धेरै जानकारीहरु प्ृराप्त गर्न पाए ।

मिस : धन्यवाद नमूना । तपाईलाई जिज्ञासा लागेको जुनसुकै कुराहरु जतिवेला पनि सोध्न सक्नु हुनेछ ।

**वृत्ति अन्तरवार्ता:**

**वृत्ति योजना निर्माण** :

विद्यार्थी भाइवहिनीहरु जीवनमा हामी आशावादी हुनु पर्दछ । आफूले छनौट गरेको वृत्तिमा निरन्तर प्रगती र सफलता हासिल गर्दा जीवनमा खुसी र समृद्धि आउछ भन्ने कुरामा विश्वस्त भएर निरन्तर अगाडि बढ्नु पर्दछ । वृत्तिमा आफुले गर्नु पर्ने कामको प्रभावकारी योजना बनाएर अगाडि बढियो भने आफूले सोचेजस्तो लक्ष्य प्राप्त गर्न सफल भइन्छ । जीवनमा लक्ष्य प्राप्त गर्नको लागि प्रकृयावद्ध तरिकाले योजना बनाउन जरुरी हुन्छ । लक्ष्यसहितको योजना बनाई कुनैपनि लक्ष्यमा पुग्नको लागि निश्चित समय भित्रको योजना बनाउनु पर्दछ । सो लक्ष्यमा पुग्नको लागि गर्नु पर्ने कृयाकलापको लागि स्पष्ट हुनु पर्दछ ।

वृत्ति योजना निर्माणको उदाहरणसहित स्पष्ट पार्नको लागि तपाईंहरुको साथी जयराम चौधरीले बनाउनु भएको वृत्ति योजनाको नमूनालाई निम्नानुसार प्रस्तुत गरिएको छ । जयराम चौधरीको लक्ष्य इलेक्ट्रीसीयन बन्ने रहेको छ । उहाँको वृत्ति योजना निर्माणको तलको तालिकाले स्पष्ट पार्दछ ।

| लक्ष्य | आवश्यक क्रियाकलाप | कहिले गर्ने | लक्ष्य प्राप्ति गर्नको लागि आवश्यक कुराहरु (सीप, ज्ञान, अन्य आवश्यक स्रोत साधन, व्यक्तिहरुको सहयोग आदि) |
|---|---|---|---|
| लेक्ट्रीसीयन बन्नको लागि तालीम लिने | सम्बन्धीत तालीम दिने संस्था बारे बुझ्ने | फागुन ५ गते भित्र | पल्लो घरको इलेक्ट्रीसीयन अंकलसँग सोध्ने र सीटीईभीटीमा गएर बुझ्ने । |
| | तालीमको लागि आवश्यक खर्चको बारेमा बुझ्ने | फागुन ७ गते भित्र | सीटीईभीटीमा गएर बुझ्ने र बुवासँग छलफल गर्ने । |
| | इलेक्ट्रीसीयन भएर काम गरिरहेका कुनै ३ जना व्यक्तिहरुसँग अन्तरवार्ता लिने | फागुन मशान्त सम्म | आफ्नै समुदायमा इलेक्ट्रीसीयन भएर काम गरिरहेका र व्यवसाय संचालन गरिरहेका ललनराम चौधरी, फूलमती राय र कमलेश यादवसँग जानकारी लिने । |
| | फारम भर्ने | सीटीईभीटीले तालीमको लागि खुलाएको आवेदनमा सूचनाको आधारमा एक हप्ताभित्र फारम भर्ने | साथीहरुसँग सहयोग लिने, आमा बुवा र दाईसँग छलफल गर्ने । |

| | | | |
|---|---|---|---|
| | तीन सय नब्बे घण्टाको इलेक्ट्रीसीयन सम्बन्धी तालीम लिने | असार मसान्त सम्म | |
| | आफ्नै समुदायमा इलेक्ट्रीसीयन सम्बन्धी सेवा दिने व्यवसाय सुरु गर्ने | २०८१ मंसीर १५ गते सम्म | आमा बुवासँग सहयोग लिने, सहकारीबाट ऋण लिने । व्यवसाय संचालनको लागि आवश्यक जानकारीको लागि अरु इलेक्ट्रीसीयन व्यवसायीसँग जानकारी लिने । |

तपाईंहरुले जयराम चौधरीको इलेक्ट्रीसीयन वृत्तिका लागि योजनाको विषयमा बुझ्नु भयो । यसैगरी तपाईंले छनौट गर्नु भएको वृत्तिको योजना निर्माण गरी आफ्नो जीवनमा लक्ष्य प्राप्ति गर्नको लागि प्रक्रियावद्ध रुपमा अगाडि बढ्न आवश्यक हुन्छ तसर्थ आफ्नो वृत्तिको योजना निर्माण गर्नु हुनेछ ।

**के तिमी तयार छौं ?**

तपाईंहरुले पहिलो सत्रमा के तिमी तयार छौं भन्ने प्रश्नवालीलाई भर्नु भएको थियो । त्यो समयमा तपाईंले नितान्त नौलो विषयवस्तुमा आधारित प्रश्नहरुको लेखाजोखा गर्नु भयो र उत्तर ठम्याउनु भयो । उक्त प्रश्नावली भरेर आफ्नो अंक मापन समेत उक्त दिनमा नै गरिसक्नु भएको छ । आजसमेत गरी ६ वटा सत्रको तालीममा सहभागी भइसकेपछि तपाईंले सिकेको ज्ञानको आधारमा त्यही प्रश्नावलीलाई भर्नु हुनेछ ।

धन्यवाद !